# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ढल्केवर, धनुषा
## प्रदेश नं. २ नेपाल

पत्र संख्या:- ०७७।०७८
चलानी नं.:- 9622

मिति :-२०७८/०३/०४

विषय :- फरफारक तथा भुक्तानी सम्बन्धमा ।

श्री सरोकारवालाहरु सवै ।

प्रस्तुत विषयमा यस कार्यालयसँग सम्झौता गरी संचालन भएको विभिन्न योजना तथा कार्यक्रमहरु फरफारक तथा अन्तिम भुक्तानीको लागि मिति २०७८ आषाढ १८ गतेसम्म आवश्यक कागजात सहित यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० वमोजिम **आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै सवै भुक्तानी दिई निकासा र खर्च अध्यावधिक गरी भुक्तानी र निकासा बन्द गर्नु पर्ने** भएकोले आषाढ २३ गतेभित्र खर्च हुन नसकेको रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रक कार्यालय,धनुषामा पेश गर्नु पर्ने र भुक्तानी गरिएको कर कट्टी रकम कर कार्यालयमा दाखिला गर्नु पर्ने तथा आ.व. २०७७/०७८ को आय-व्यय हिसाव मिलान गरी नेपाल सरकार, प्राकृतिक श्रोत तथा वित्त आयोग र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने भएकोले तोकिएको समय **सीम भन्दा पछाडी पेश हुन आएका भुक्तानीका फाईलहरु उपर कुनै पनि कारवाही नगरीने** र भूक्तानी नभएमा कार्यालय जवाफ देही हुने छैन ।

साथै यस कार्यालयबाट कार्यक्रम वा योजना संचालन गर्ने क्रममा कुनै कर्मचारी,फर्म,संस्था, व्यक्ति वा कम्पानीले लिएको पेश्की प्रचलित आर्थिक ऐन/नियम बमोजिमको अवधि भित्र पेश्की फछ्यौंट गर्नु पर्नेछ । सो अवधि भित्र पेश्की फछ्यौंट नगरिए पछि ऐन/नियम अनुसार व्याज सहित सरकारी वाँकी सरह असुल उपर गरी पेश्की फछ्यौंट गराइने व्यहोरा सवैमा जानकारी गराइन्छ ।

(जगरनाथ महतो)
लेखापाल
लेखापाल

(रचिन्द्र डङ्गोल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत